नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७४।०६।२३

## प्रेस विज्ञप्ति

आज मिति २०७४।०६।२३ गते अपरान्ह १५:०० बजेको समयमा का.म.न.पा-३१, प्रयागमार्ग खरिबोट स्थित सडकमा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष वर्ष ५८ का शरद कुमार गौचन सवार बा.१३ च ४९४८ नं.को कारलाई मोटरसाईकलमा आएका २ जना अपरिचित व्यक्तिहरूले ड्राईभर साइडको शिशामा ढुंगा प्रहार गरी कारको अगाडीको बायाँ साइडबाट २ राउण्ड गोली प्रहार गर्दा निज शरद कुमार गौचन घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ तत्काल महानगरीय प्रहरी बृत बानेश्वरबाट प्र.ना.उ.को कमाण्डमा प्रहरी टोली खटी गई घाईतेलाई निजामती अस्पताल बानेश्वर पुऱ्याईएको, घाईतेको बायाँ छातीमुनि र बायाँ कोखामा गोली लागेकोमा उपचारको क्रममा आज अपरान्ह १५:२६ बजे दु:खद निधन भएको छ ।

गृह मन्त्रालय मृतक शरद कुमार गौचनप्रति हार्दिक भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन तथा समस्त निर्माण व्यवसायीप्रति हार्दिक समवेदना प्रकट गर्दछ । घटनाको सूचना प्राप्त भए लगत्तै माननीय गृहमन्त्री जनार्दन शर्मा "प्रभाकर"ज्यूबाट सुरक्षा निकायका प्रमुखहरुलाई विशेष अनुसन्धान टोली खटाई उच्च प्राथमिकताका साथ घटनामा संलग्न अपराधीहरुलाई पक्राउ गरी कानूनी कारवाही गर्न निर्देशन भयो । सो अनुरुप घटनामा संलग्नहरुको खोजी कार्य तीव्र रुपमा अगाडि बढाईएको छ । घटनामा संलग्न अपराधीहरु कुनै पनि अवस्थामा फरार हुन नसक्ने गरी उपत्यकाका नाकाहरुमा सुरक्षाकर्मीहरु परिचालन गरिएको छ । यसैबीच माननीय गृहमन्त्रीज्यूले नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारीहरुसँगको भेटमा उक्त घटनामा संलग्नहरुलाई छिटो भन्दा छिटो पक्राउ गरी कानूनको कठघरामा ल्याई कडा भन्दा कडा कारवाही गर्न र आगामी दिनमा यस प्रकारका दु:खद घटना हुन नदिन सबै स्रोत, साधन र जनशक्ति परिचालन गर्ने व्यहोरा अवगत गराउँदै गृह मन्त्रालय व्यवसायीहरुको सुरक्षा र विना अवरोध काम गर्ने वातावरण निर्माण गर्न प्रतिवद्ध रहेको व्यहोरा समेत जानकारी गराउनु भएको छ ।

यो आक्रमण व्यवसायी गौचन उपर मात्र नभै सिंगो निर्माण व्यवसाय र निजी क्षेत्र माथिको आक्रमण हो । निर्माण व्यवसाय नेपाली अर्थतन्त्रको मेरुदण्ड भएको सन्दर्भमा आम निर्माण व्यवसायीहरुलाई यस घटनाबाट कत्ति पनि हतोत्साही र विचलित नहुन गृह मन्त्रालय आग्रह गर्दछ । गृह मन्त्रालय व्यवसायी मित्रहरुको साथमा रहेको छ ।

अत: यस दु:खद घडीमा मृतकका परिवार तथा आफन्तजन, निर्माण व्यवसायमा संलग्न सबै व्यवसायीहरु, सिंगो निजी क्षेत्र र सर्वसाधारण सबैमा संयम र धैर्य भई शान्ति सुरक्षा कायम गर्ने कार्यमा सहयोग गर्न गृह मन्त्रालय विनम्र अनुरोध गर्दछ ।

2074/6/23

(झंकनाथ ढकाल)
सहायक प्रवक्ता